## बैठक नं ४१

मितिः २०८०।१२।२३ गते शुक्रबार, जिल्ला कानूनी सहायता समिति, बर्दियाको जिल्ला कानूनी सहायता समिति बर्दियाका अध्यक्ष जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्सालको अध्यक्षतामा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, अध्यक्ष

श्री कमलप्रसाद पाण्डे, सदस्य
(अध्यक्ष, बर्दिया जिल्ला अदालत बार एशोसिएसन)

अधिवक्ता श्री उमानाथ ज्ञवाली, सदस्य

अधिवक्ता श्री श्यामबहादुर थापा, सदस्य

श्री दिवाकर शर्मा खनाल, सदस्य सचिव
(सचिव, बर्दिया जिल्ला अदालत बार एशोसिएसन)

आमन्त्रित

श्री प्रदिप ज्ञवाली, कानूनी सहायता अधिकृत

**छलफलका विषयहरू**

१) समितिमा रहेको प्रिन्टर र बुक सेफ जिल्ला सरकारी वकील कार्यालय बर्दियामा हस्तान्तरण गर्ने सम्बन्धमा ।

२) कानूनी सहायता लिने सम्बन्धी सिफारिस सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं १) प्रस्ताव नं १ का विषयमा छलफल गर्दा जिल्ला कानूनी सहायता समिति, बर्दियामा रहेको प्रिन्टर CANON MF 3010 र बुक सेफ कार्यालयमा राख्ने ठाउँको अभाव समेत भएको र कार्यालय सञ्चालनको लागि १ थान सादा प्रिन्टर समेत रहेको अवस्थामा कार्यालयको काम कारबाहीमा असर समेत नहुने भएकाले प्रिन्टर CANON MF 3010 र बुक सेफ जिन्सी लगत कट्टा गरी जिल्ला सरकारी वकील कार्यालय बर्दियामा हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं २) प्रस्ताव नं २ का विषयमा छलफल गर्दा जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता र परामर्श प्रदान गर्न कानूनी सहायता सम्बन्धी नियमावली २०५४ को नियम ३ मा गाउँ विकास समितिको अध्यक्ष वा सदस्य वा सचिवले र नगरपालिकाको हकमा सम्बन्धित वडाको अध्यक्षले अनुसूची २ बमोजिमको ढाँचामा गरिदिएको सिफारिस समेत संलग्न गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा हाल गाउँ विकास समितिको संरचना नभएको अवस्थमा बर्दिया जिल्लामा रहेका नगरपालिका र गाउँपालिकाको सम्बन्धित वडा अध्यक्ष वा सचिवले सम्बन्धित वडाको बासिन्दाको आय श्रोत न्यूनतम रहेको तथा खाना लाउन नपुग्ने र निशुल्क कानूनी सहायता आवश्यक पर्ने भनी जिल्ला कानूनी सहायता समितिलाई सिफारिस गरिएको पत्रमा समितिका पदाधिकारीले

तोक लगाई सिफारिस गरेको अवस्थामा र समितिका पदाधिकारीहरुले सम्बन्धित व्यक्तिले कानूनी सहायता सम्बन्धमा कार्यालयमा दिएको निवेदनमा कानूनी सहायता उपलब्ध गराउन उपर्युक्त भनी तोक लगाएको अवस्थामा कानूनी सहायता अधिकृत र समितिका पदाधिकारीहरुले आवश्यक कानूनी सहायता र परामर्श उपलब्ध गराउने निर्णय गरियो । कानूनी सहायता सिफारिस गर्ने सम्बन्धित निर्णयको जानकारी बर्दिया जिल्ला स्थित सम्पूर्ण पालिकाहरुलाई गराउने निर्णय गरियो । यसैगरी जिल्ला कानूनी सहायता समिति बर्दियाबाट कानूनी सहायता उपलब्ध गराएको विवरण प्रत्येक महिना मासिक रुपमा केन्द्रिय कानूनी सहायता समिति र समितिका पदाधिकारीहरुलाई जानकारी गराउने निर्णय गरियो ।

२०८०।१२।२३